# १. परिचय

## १.१ पृष्ठभूमि

प्रदेश सरकारको स्थापनासँगै यस प्रदेशमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको स्थापना २०७४/१०/२४ मा भएको हो । यस मन्त्रालय मातहतको वन अनूसन्धान तथा प्रशिक्षण केन्द्र, पोखरा नेपालका सात प्रदेशमा रहेका सातवटा वन अनूसन्धान तथा प्रशिक्षण केन्द्र मध्ये एक हो । वि.सं. २०५० मंसिर १ गते पश्चिमाञ्चल क्षेत्रीय वन तालिम केन्द्रको रूपमा स्थापना भई तालिम कार्यक्रम सञ्चालन हुँदै आएको थियो र तत्कालिन समयमा वि.सं. २०४६ साल देखि डेनमार्क सरकारको सहयोगमा डानिडा सामुदायिक वन विकास परियोजना र वि.सं. २०५५ देखि २०६१ सालसम्म प्राकृतिक स्रोत व्यवस्थापन क्षेत्रगत सहयोग कार्यक्रम (NARMSAP) को प्राविधिक तथा आर्थिक सहयोग वन मन्त्रालय अन्तर्गतका क्षेत्रीय वन निर्देनालय तथा जिल्ला वन कार्यालयहरूलाई प्राप्त थियो । वि.सं. २०५० मंसिरमा क्षेत्रीय वन तालिम केन्द्रको स्थापना भएपश्चात उक्त परियोजनाहरूको प्राविधिक तथा आर्थिक सहयोग तालिम केन्द्रलाई पनि प्राप्त थियो । तत्पश्चात नेपाल सरकारको बजेटबाट सम्पूर्ण तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । तथापि विगत केहि बर्षहरूमा हरियो वन कार्यक्रम तथा वहुसरोकारवाला वन कार्यक्रमले विभिन्न तालिमहरूमा सहयोग गर्दै आएका थियो । हाल आएर देशमा भएको राजनैतिक परिवर्तन सँगसँगै भएको नयाँ व्यवस्था अनुसार देश संघियतामा गएको परिप्रेक्षमा संघियताको कार्यान्वयन संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारको व्यवस्था भएसँगै यस कार्यालय प्रदेश सर कारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत वन अनूसन्धान तथा प्रशिक्षण केन्द्रको रूपमा वि.सं २०७५ मा स्थापना भई वन वातावरण सम्बन्धि अध्ययन, अनूसन्धान तथा तालिम संचालन गर्दै आइरहेको छ ।

गण्डकी प्रदेशमा रहेका प्राकृतिक स्रोत तथा जैविक विविधताको दीगो प्रयोग एवं यसबाट प्रादेशिक तथा स्थानीय स्तरमा पर्ने प्रभाव र संघीयताको कार्यान्वयन सँगसँगै राष्ट्रले खोजेको **समृद्ध नेपाल सूखी नेपालीको** उद्देश्य प्राप्त गर्नमा खेल्न सक्ने भूमिकाहरूको वारेमा समेत अध्ययन अनूसन्धान र प्राप्त नतिजाहरूलाई तालिम तथा प्रचारप्रसार सामाग्रीको माध्यमबाट सरोकारवालासम्म पूऱ्याउने काम पनि यस केन्द्रले गर्दै जानेछ ।

यस केन्द्रले अधिकृतस्तर देखि श्रेणी विहिन (प्रा.) सम्मका कर्मचारीहरूलाई तालिम

दिंदै आएको छ । अधिकृत तथा रेञ्जरस्तर, फरेष्टर तथा व.का.स.स्तर, वन र क्षकस्तर र प्रशासन तथा लेखा गरी ४ समूहमा विभाजन गरी तालिम सञ्चालन गर्दै आएको छ । पश्चिमाञ्चल क्षेत्रीय वन तालिम केन्द्रको रूपमा रहँदा तत्कालिन पश्चिमाञ्चल क्षेत्रका १५ वटा जिल्ला वन कार्यालय, १४ वटा जिल्ला भू-संरक्षण कार्यालय, ढोरपाटन शिकार आरक्ष, क्षेत्रीय विउ केन्द्र, पञ्चासे संरक्षित वन कार्यक्रम, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, मदाने संरक्षित वन कार्यक्रम लगायतका वन तथा भू-संरक्षण मन्त्रालयसँग सम्बन्धित विभिन्न कार्यालय तथा संघ संस्थाका कर्मचारीहरूलाई तालिम प्रदान गर्दै आएकोमा कार्यालयको नाम परिवर्तन सँगसँगै यसको कार्यक्षेत्र पनि गण्डकी प्रदेशमा सिमित हुन गएको छ । तदनूसार गण्डकी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका ११ वटा डिभिजन वन कार्यालय, २ वटा भूतथा जलाधार व्यवस्थापन कार्यालय, अन्नपूर्ण, मनास्लू तथा पञ्चासे संरक्षित क्षेत्र, ढोरपाटन शिकार आरक्ष र संघीय मन्त्रालय अन्तर्गतको बृहत जलाधार व्यवस्थापन केन्द्र तथा अन्य वन र वातावरणसँग सम्बन्धित संघ संस्थाहरूका कर्मचारीहरूलाई तालिम प्रदान गर्ने  गर्दछ । यसले प्रत्येक आर्थिक वर्षका स्वीकृत वार्षिक कार्यक्रमहरू सञ्चालन गर्नुका साथै अन्य संघ संस्थाबाट माग भै आएका तालिम कार्यक्रममा आवश्यकता अनूसार संयोजन, प्रशिक्षण तथा सहजिकरण पनि गर्ने गर्दछ ।

## १.२ वन अनूसन्धान तथा प्रशिक्षण केन्द्रको लक्ष्य/उद्देश्यहरु

निम्न लक्ष्य/उद्धेश्यहरू हासिल गर्न यस केन्द्रको स्थापना भएको हो ।

- वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार लगायतका क्षेत्रमा अध्ययन, अनूसन्धान तथा सर्वेक्षण गर्ने ।
- अध्ययन अनूसन्धान मार्फत वन क्षेत्र सम्बन्धि नीति निर्माणमा सहयोग पूऱ्याउने ।
- वन क्षेत्रमा भएका अध्ययन अनूसन्धानहरूको प्रचारप्रसार मार्फत सरोकार वाला समक्ष पूऱ्याउने ।
- स्थानीय उपभोक्ता समूह र कार्यान्वयन तहका सरोकारवालाहरूलाई प्राविधिक, सामाजिक र व्यवस्थापकीय क्षेत्रमा सहयोग पुऱ्याउन निम्न तथा मध्यम स्तरका वन प्राविधिक र प्रशासनिक कर्मचारीहरूलाई तालिम प्रदान गरी सक्षम वनाउने ।
- तालिम आवश्यकता पहिचान गरी समयमै प्रभावकारी तालिम संचालन तथा अनुगमन र मूल्याङ्कन गर्ने ।

## १.३ कार्य क्षेत्रको विवरण

गण्डकी प्रदेश अन्तर्गत ११ वटा डिभिजन वन कार्यालयहरू मध्ये भौगोलिक क्षेत्रका आधारमा मुस्ताङ, मनाङ र म्याग्दी हिमाली, गोरखा, लमजुङ, तनहूँ, स्याङ्जा, कास्की, पर्वत र वाग्लुङ पहाडी र नवलपरासी (बर्दघाट सूस्तापूर्व) तराईका जिल्लाहरूमा पर्दछन् भने २ वटा भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरू पर्वत र तनहुँ जिल्लाहरू पर्दछन् । त्यसै गरी १ वटा ढोरपाटन शिकार आरक्ष पनि यस केन्द्रको कार्यक्षेत्रभित्र रहेको छ । उपरोक्त कार्यालयहरूका अलावा पञ्चासे संरक्षित वन कार्यक्रम, बिउ प्रयोगशाला तथा भण्डारण केन्द्र, अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना तथा मनास्लू संरक्षण क्षेत्र आयोजनामा रहेका निम्नस्तर देखि मध्यम स्तरीय फिल्ड कर्मचारीहरूलाई आवश्यक पर्ने तालिमहरू संचालन गरी उनीहरूको क्षमता विकासमा सहयोग पुऱ्याउनु यस वन अनूसन्धान तथा प्रशिक्षण केन्द्रको मुख्य कार्य हो ।

## १.४ वन क्षेत्रका सरकारी एवं सरोकारवाला निकाय तथा कार्यक्रमहरु :


वन क्षेत्रसंग सम्वन्धित रही कार्य गर्दै आईरहेका विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरू एवं समग्र वातावरण संरक्षणका लागि कार्य गर्दै आईरहेका सरकारी तथा गैरसरकारी संघसंस्थाहरू विच कार्यगत एकता तथा समन्वयको खाँचो रहन्छ । साथै ति क्षेत्रहरूमा कार्य गर्दाका आ-आफ्नो क्षेत्रवाट भए गरेका कार्य र सोको अनुभवको आदान-प्रदानबाट समग्र कार्यक्रमको प्रभावकारितामा सकारात्मक परिणाम हाँसिल गर्न मद्दत पुग्दछ । विगतका अनुभव र भए गरेका कार्यहरूको वारेमा फिल्ड स्तरसम्म सूचना र प्रविधिको संचार गर्ने कार्यमा यस केन्द्रले अहम् भूमिका खेल्दछ । गण्डकी प्रदेशमा वन, वन्यजन्तु, जैविक विविधता, जलाधार क्षेत्र एवं समग्र वातावरण संरक्षणका लागि कार्य गर्दै आईरहेका सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँग सहकार्य, समन्वय र सहयोगको यस केन्द्रले सधैं अपेक्षा राख्दछ ।

## १.५ अध्ययन/अनूसन्धान तथा तालिम संचालन विधि

अध्ययन अनूसन्धानको हकमा सार्वजनिक खरिद ऐन तथा सार्वजनीक खरिद नियमावलीले निर्दिष्ट गरेका विधि र प्रकृयाहरू अवलम्बन गरी परामर्श सेवाबाट अध्ययन अनूसन्धान गराइन्छ । यसरी अध्ययन भई आएका प्रतिवेदनहरूलाइ सम्बन्धित सरोकारवालाहरूको माझमा अन्तरक्रिया छलफल गराई सो बाट प्राप्त सूझावहरू समेत समेट्न लगाई अन्तिम रिर्पोट तयार पार्न लगाइन्छ । यसरी प्राप्त

अध्ययन प्रतिवेदनहरू यस केन्द्रको महत्वपूर्ण दस्तावेजको रूपमा रहेका छन् । यसले वन र वातावरणको क्षेत्रमा भविष्यमा के कस्ता योजना तथा थप अध्ययन अनूसन्धान गर्नूपर्दछ भन्ने सम्बन्धमा मार्गदर्शन गर्दछन । साथै यस केन्द्र आफैले मौजूदा जनशक्ति प्रयोग गरी एक्शन रिसर्च लगायतका कार्यहरू गर्दछ ।

यस केन्द्रले तालिम कार्यक्रम निश्चित प्रक्रिया अवलम्बन गरी संचालन गर्दछ । कर्मचारीहरूलाई आफ्नो कार्य विवरण अनुसार काम गर्दा अप्ठेरो परेका क्षेत्र के के हुन् निर्धारण गरी कुन किसिमको तालिम कुन स्तरको कर्मचारीलाई आवश्यक छ भनी तालिम आवश्यकता पहिचान गरिन्छ । तालिम आवश्यकता पहिचान भएपछि सो अनुरूप तालिम पाठ्यक्रम र सत्र योजना वनाई कार्यान्वयन गरिन्छ । सम्पन्न तालिमको प्रभावकारिता अनुगमन गर्ने र प्राप्त अनुभवलाई पुनः तालिम कार्यक्रममा समावेश गर्ने कार्य गरिन्छ । यसको साथै तालिम कार्यक्रमसँग सम्वन्धित तथ्याङ्कहरू र रेकर्ड अद्यावधिक राखिने गरिएको छ । जसवाट विगत वर्षहरूमा कुन कर्मचारीले कुन तालिम प्राप्त गरे, के के विषयमा तालिम संचालन गरिएको थियो, पाठ्यक्रम डिजाईन कसरी भएको थियो भन्ने जानकारी हरूबाट पछिका दिनमा संचालन गरिने कार्यक्रमहरूलाई अझ प्रभावकारी वनाउन सकिन्छ । तालिममा सेसन सहजिकरणका लागि मौजूदा जनशक्तिका अलावा बिषय विज्ञ र फिल्डमा काम गरी अनूभव प्राप्त गरेका श्रोत व्यक्तिहरूलाइ आमन्त्रण गरिन्छ । केन्द्रबाट संचालन गरिने तालिम कार्य संचालन विधिलाई निम्न चित्रबाट समेत बुझ्न सकिन्छ ।



## १.६ नियमित संचालन हुने तालिमहरु :

वनक्षेत्रमा भएका क्रियाकलापहरूको प्रभावकारी रूपमा कार्यान्वयन एवं विकास गर्न तथा वन प्राविधिकहरूको माग र आवश्यकतालाई महत्व दिई यस केन्द्रले नियमित रूपमा फिल्डमा तत्काल काममा आउने वैज्ञानिक वन व्यवस्थापन, कानुनी कार्यविधि तथा लेखा व्यवस्थापन, साझेदारी वन व्यवस्थापन, जलवायु परिवर्तन तथा REDD, वनस्रोत मापन तथा जि.पि.एस., वनस्रोत मापन तथा वन व्यवस्थापन, गैरकाष्ठ वन पैदावार व्यवस्थापन, वन डढेलो व्यवस्थापन जस्ता तालिमहरू प्रायः नियमित रूपमा विगतदेखि नै प्रदान गर्दै आईरहेको छ । यद्यपी समयको माग, स्वीकृत कार्यक्रम र अन्य निकायहरूबाट अनूरोध भै आउने तत्कालीन अवस्थाले गर्दा उल्लेखित कार्यक्रममा केहि थपघट हुने गरेको यथार्थ पनि हो ।

यिनै कुराहरूको सेरोफेरोमा रही गत आ.व. ०७६।०७७ मा यस वन अनूसन्धान तथा प्रशिक्षण केन्द्रबाट संचालित तालिमहरूको नामावली निम्नानूसार छ साथै यसको विस्तृत विवरण अनूसूची १ मा राखिएको छ ।

- वैज्ञानिक वन व्यवस्थापन तालिम
- जि.आई.एस. तालिम
- गुगल अर्थ ईन्जिन तालिम

**तालिम बाहेकका अन्य सम्पादित कार्यक्रमहरु :**

- आ.व. २०७५।०७६ को बार्षिक प्रगती पुस्तीका प्रकाशन
- विद्युतीय सामाग्री खरिद (ल्याप्टप आदि)
- सवारी साधान खरिद (दुई वटा नयाँ मोटरसाईकल)
- तालिम अनूगमन तथा आवश्यकता पहिचान

# २. फिल्ड फलोअप तथा तालिम आवश्यकता पहिचान

**२.१ पृष्ठभूमि :**

विगतका वर्षहरूमा झै यस आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस वन अनूसन्धान तथा प्रशिक्षण केन्द्रबाट संचालित विभिन्न तालिमहरूको फिल्ड फलोअप तथा तालिम आवश्यकता पहिचानको लागि यस तालिम केन्द्रका कर्मचारीहरू विभिन्न समूहमा विभाजन भै सम्बन्धित फिल्डमा गई कर्मचारीहरूसँग भेटघाट तथा छलफल गरी प्रश्नावली अनुसार तथ्याङ्क संकलन गरिएको थियो । डिभिजनल वन अधिकृत र अन्य कर्मचारीहरूका लागि छुट्टाछुट्टै प्रश्नावलीहरू तयार गरे अनुसार विवरण लिने कार्य भएको थियो ।

**२.२ लक्ष्य तथा उद्देश्य :**

वन अनूसन्धान तथा प्रशिक्षण केन्द्रबाट विगतका वर्षहरूमा संचालित तालिम कार्यक्रमहरूको अनुगमन तथा तालिमको प्रभावकारिता मूल्याङ्कनको साथै आगामी वर्षकालागि आवश्यक तालिमहरूको पहिचान गरी कार्यक्रम बनाउनु र प्रभावकारी तालिम संचालन गरी फिल्ड स्तरका कर्मचारीहरूलाई सबल, सक्षम तथा व्यवहारिक बनाउनु यस कार्यक्रमको लक्ष्य रहेको छ ।

उपरोक्त लक्ष्य हासिल गर्न देहायका उद्देश्यहरू राखिएका छन् :

- विगतमा तालिमका क्रममा सहभागीहरूले बनाएका योजना पूरा गरे नगरेको निर्क्यौल गर्ने ।
- विगतमा संचालित तालिमहरूको समग्र प्रभावकारिता मूल्याङ्कन गर्ने ।
- तालिममा सिकेका कुरा कार्यान्वयन गर्दा देखा परेका कठिनाई तथा समस्याहरूका बारेमा जानकारीहरू संकलन गर्ने तथा पृष्ठपोषण समेत लिने ।
- जिल्लास्तरमा प्राविधिक, जुनियर प्राविधिक तथा प्रशासनस्तरका कर्मचारीहरूका लागि तालिम आवश्यकता पहिचान गर्ने ।
- पाठ्यक्रममा परिमार्जन गरी कार्यान्वयन गर्न सकिने व्यवहारिक तालिममा जोड दिने ।

**२.३ अपनाइएको विधि :**

यस केन्द्रका सबै कर्मचारीहरूको बैठकमा फिल्ड फलोअप कार्यक्रमका बारेमा यसको रणनीति/ कार्यनीतिमा व्यापक छलफल गरी देहाएको कार्यक्रम तय गरिएको थियो ।

- प्रश्नावली तयार
- जिल्ला छनौट
- कर्मचारीहरूसँग भेटघाट तथा छलफल
- तथ्यांक संकलन

**२.४ तथ्यांक संकलन** :

वन अनूसन्धान तथा प्रशिक्षण केन्द्रमा कार्यरत कर्मचारीहरू समूह विभाजन गरी यस क्षेत्रअन्तर्गतका विभिन्न जिल्लका डिभिजन वन कार्यालय तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालयका कर्मचारीहरूसँग भेटघाट तथा छलफल गरी प्रश्नावली अनुसारका तथ्यांक संकलन कार्य सम्पन्न गरियो ।

**२.५ नतिजा तथा छलफल** :

डिभिजनल वन अधिकृत र अन्य कर्मचारीहरूका लागि छुट्टाछुट्टै प्रश्नावलीहरू तयार गरे अनुरूप कर्मचारीहरू (सहायक वन अधिकृत, सहायक भू-संरक्षण अधिकृत, रेन्जर, भू-संरक्षण सहायक, फरेष्टर, व.का.स., वन रक्षक तथा प्रशासनिक कर्मचारी) बाट संकलित विवरणहरूको तथ्यांक विश्लेषण गर्दा निम्न अनुसारका नतिजा तथा सुझावहरू प्राप्त भएका छन् ।

- तालिम आवश्यकता पहिचान गरी तालिम योजना बनाइ तालिम संचालन गर्ने ।
- प्रभावकारी प्रशिक्षण विधिको प्रयोग गर्ने ।
- तालिमलाई अझ बढी प्रभावकारी बनाउन विषयवस्तुको विशेषज्ञ श्रोत व्यक्ति बोलाउने ।
- कार्यवोझ कम हुने समयमा तालिम संचालन गर्ने ।
- फिल्डवेस हुनुपर्ने ।
- सेवा सुविधा प्रर्याप्त हुनुपर्ने ।
- विषयवस्तु अनुसार तालिम अवधि निर्धारण गरी तालिम हुनुपर्ने ।
- समय सापेक्ष तालिम हुनुपर्ने ।
- छात्रावासको व्यवस्था हुनुपर्ने ।
- नर्मस् सुधार गर्नुपर्ने ।
- तालिम पश्चात नियमित अनुगमन हुनुपर्ने ।
- अध्ययन भ्रमणको व्यवस्था हुनुपर्ने ।

फिल्ड फलोअपबाट प्राप्त सूझावको आधारमा आगामी दिनहरूमा बढी आवश्यकता भएका तालिमहरू यस प्रकार छन् ।

**स.व.अ./रेन्जर स्तर :**

- गुगल अर्थ ईन्जिन तालिम
- वन विकास निर्माण कार्यका लागि डिजाइन तथा लागत अनुमान तयार गर्ने तालिम
- तथ्यांक व्यवस्थापन, विश्लेषण, र मोडलिंङ सम्बन्धि आर प्रो ग्रामिङ तालिम ।
- जलाधार व्यवस्थापन/वायो इन्जीनियरिङ
- जि.आई.एस./ जि.पी.एस.
- जलवायू परिवर्तन / रेड तथा कार्वन मापन
- अग्नी नियन्त्रण तथा डढेलो व्यवस्थापन
- वैज्ञानिक वन व्यवस्थापन तालिम
- कानुनी कार्यविधि
- आई.ई.ई./ई.आई.ए.
- जडीवुटी व्यवस्थापन
- वनस्रोत मापन
- मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन
- सेवाकालिन तालिम
- नेतृत्व विकास तथा सुशासन तालिम

**फरेष्टर/ व.का.स. स्तर :**

- वैज्ञानिक वन व्यवस्थापन
- कानुनी कार्यविधि
- पुनर्ताजगी तालिम
- वनस्रोत मापन तथा जि.पी.एस.
- जडीवुटी व्यवस्थापन
- प्रशिक्षक प्रशिक्षण
- सेवाकालिन तालिम
- नेतृत्व विकास तथा सुशासन तालिम

**वन रक्षक स्तर :**

- वन रक्षक आधारभूत सेवाकालिन तालिम
- नर्सरी व्यवस्थापन
- वनस्रोत मापन तथा जि.पी.एस.

- समूह द्वन्द्व व्यवस्थापन
- जडीवुटी व्यवस्थापन
- वैज्ञानिक वन व्यवस्थापन

**प्रशासनिक स्तर :**

- कम्प्यूटर तालिम
- कानुनी कार्यविधि तथा लेखा व्यवस्थापन तालिम
- कार्यालय व्यवस्थापन तालिम
- नेतृत्व विकास तथा सुशासन तालिम
- अभिलेख व्यवस्थापन तालिम

## २.६ तालिमको प्रभावकारिता विश्लेषण :

यस केन्द्रबाट कर्मचारीहरूको प्राविधिक समूह नै फिल्डमा गई फिल्ड स्तरमा तालिम संचालन गर्ने, अनुगमन गर्ने र कर्मचारीहरूलाई तुरून्त फिल्डमा नै गई पृष्ठपोषण समेत दिई कार्य गर्दा फिल्डमा काम गर्ने कर्मचारीहरूलाई निकै उपयोगी सावित भएको छ । फिल्डमा नै आई गर्नु पर्ने प्राविधिक पक्षका कमी कमजोरीहरूलाई हटाउन तालिम अत्यन्त प्रभावकारी ठहरिएको छ ।

## २.७ निष्कर्ष तथा केही सुझावहरु :

अनुगमनको सिलसिलामा पाइएका निष्कर्ष तथा सुझावका विषयहरू तल प्रस्तुत गरिएको छ ।

### २.७.१ निष्कर्ष :

- जिल्लाबाट सहभागी छनौटका लागि बनाएका आधारहरू मुख्यतः योग्यता, इच्छा, क्षमता जस्ता कुरालाई आधार बनाइएको भएपनि केहीलाई तालिममा तत्काल सहभागी हुन सक्ने कर्मचारीलाई छनौट गरी पठाइएको देखिन्छ ।
- समग्रमा तालिममा सहभागीहरूको मूल्याङ्कन गर्दा स.व.अ./रेन्जर स्तर लाई प्रदान गरिएको तालिम बढी प्रभावकारी देखिन्छ ।
- तालिममा सिकेका कुराहरू कतिपय अवस्थामा उचित सामग्रीको अभाव, प्राविधिक क्षमता, समयाभाव, कार्य गर्ने वातावरण अनुकुल नहुनु, अवसर नपाउनु आदिका कारण अपेक्षा गरे अनुसार फिल्डमा शत प्रतिशत लागू गर्न सकेको छैन ।
- फिल्ड फलोअप गर्न जाँदा कतिपय कर्मचारी सरूवा भै अन्यत्र गइसक्ने

भएकोले कर्मचारी सरूवाको जानकारी यस केन्द्रलाई समेत पठाउने व्यवस्था भैदिएमा राम्रो हुने ।

**२.७.२ सुझावहरु :**

- तालिम लिई गएका कर्मचारीहरूलाई फिल्डमा आवश्यक पर्ने सामग्री, आफ्नो विषयवस्तु प्रस्तुत गर्ने मौका तथा काम प्रति हौसला बढाउन सके मा काममा प्रभावकारिता आउने ।
- कर्मचारीको योग्यता एवं क्षमता हेरी तालिम सहभागिताका लागि पठाउनु पर्ने ।
- जिल्लाबाट समेत तालिम लिएका कर्मचारीहरूको अनुगमन, मूल्याङ्कन गर्नुपर्ने ।
- यस क्षेत्रअन्तर्गतका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरूले वन मन्त्रालयसँग सम्बन्धित तालिमहरू संचालन गर्दा यस केन्द्रसँग पनि समन्वय गरी गर्दा राम्रो हुने ।

**२.८ तालिम सम्बन्धी चुनौतीहरु :**

विगतदेखि यस आ.व.सम्म यस केन्द्रले विभिन्न तालिम कार्यक्रमहरू संचालन गर्दा आइ परेका चुनौतीहरू निम्न अनुरूप छन् ।

- सहभागीहरूको स्तर तथा बुझ्ने क्षमता भिन्न रहेको । साथै तराई, पहाड र हिमालमा पाईने वनको प्रकार, प्रजाति आदिको विभिन्नताले तालिम संचालनमा जटिलता थपिन गएको छ ।
- तालिम संचालनको क्रममा सहभागीहरूलाई फिल्ड अभ्यासमा लैजानका लागि गाडीको अभाव । साथै भएको एउटा जिप पनि अत्यन्त जिर्ण अवस्थाको रहेकोले नयाँ जिपको आवश्यकता रहेको ।
- तालिम आवश्यकता पहिचान भएका कर्मचारीहरूको सरूवा छिटो छिटो हुने गर्दा आउने जाने क्रममा संख्या निर्क्यौल गर्न नसक्दा तालिम संचालनमा गाह्रो हुने गरेको छ ।
- जिल्लाहरूमा तालिम लिएका सहभागीहरूको अभिलेख नभएका कारण विभिन्न तालिमहरूमा सहभागीहरू दोहोरिएर आउने गरेको पाइएको छ, जसले गर्दा तालिम प्राप्त गर्नुपर्ने व्यक्तिहरू छुट्न गएका छन् ।

## २.९ प्रभावकारी तालिम संचालनका लागि सुझावहरु :

### २.९.१ गत वर्षहरुमा आएका सुझावहरुका आधारमा गरिएका सुधारहरु

विगत वर्षहरूमा विभिन्न ठाऊँबाट आएका सुझावहरूका आधारमा तालिम कार्यक्रमहरूमा केही सुधारहरू भएका छन् । सुधार भएका पक्षहरू यस प्रकार छन् :

- यस आ.व.०७६/०७७ मा संचालित तालिमहरूमा सम्बन्धित विषयका विशेषज्ञहरूलाई श्रोत व्यक्तिको रूपमा बोलाई प्रशिक्षण दिन लगाइएको छ ।
- वन सिमाना निर्धारण तथा वन श्रोत मापन कार्यमा जि.पि.एस तथा विभिन्न प्रकारका Softwareप्रयोग गरिएको छ ।
- तालिमलाई बढी प्रभावकारी बनाउनका लागि स्थलगत अभ्यासमा बढी जोड दिइएको छ ।

### २.९.२ प्रभावकारी तालिम संचालनका लागि गर्नु पर्ने सुधारका कार्यहरु :

#### २.९.२.१ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले आन्तरिक रुपमा गर्नुपर्ने सुधारका कार्यहरु :

- यस कार्यालयले तयार गरेको वार्षिक कार्य योजना अनुसार सम्पुर्ण कार्यहरू सफलता पूर्वक सम्पन्न गर्नुपर्ने ।
- वन, वातावरण र वन्यजन्तु क्षेत्रका बारेमा नयाँ सवालहरूको थप जानकारी का लागि र तालिमका लागि श्रोत व्यक्तिको रोष्टर अध्यावधिक गर्न पर्ने ।
- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले तालिम दिनु पर्ने विभिन्न कार्यालयका कर्मचारीहरूको दरवन्दी अनुसारको तथा कार्यरत रहेका व्यक्तिहरूको महिला तथा पुरूष सहितको विस्तृत विवरण (Soft copy and hard copy) छुट्याई दुरूस्त राखिनु पर्ने र प्राथमिकताका आधारमा यी सबै वन, वातावरण र वन्यजन्तु क्षेत्रका मध्यम स्तरसम्मका प्राविधिक तथा प्रशासनिक सबै कर्मचारीहरूलाई समेटी तालिम संचालन गर्नु पर्ने ।
- सैद्धान्तिक भन्दा व्यवहारिक र सीपमूलक तालिममा जोड दिनु पर्ने ।

#### २.९.२.२ डिभिजन वन / भू तथा जलाधार व्यवस्थापन / ढोरपाटन शिकार आरक्ष लगायतका कार्यालयहरुले गर्नुपर्ने सुधारका कार्यहरु :

- आफ्नो कार्यालय भित्रका कर्मचारीहरूको तालिम आवश्यकता राम्रोसँग पहिचान गरी कर्मचारीहरूलाइ प्राथमिकीकरण गरी प्रतिवेदन योजना तर्जुमा गोष्ठीभन्दा १५ दिन अगावै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र वा प्रदेश वन निर्देशनालयमा आई पुग्ने गरी पठाउनु पर्ने ।
- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले बनाएको वार्षिक कार्यक्रम तथा

तालिम क्यालेण्डर हेरी सो समयमा कर्मचारीलाई तालिममा पठाउने व्यवस्था मिलाउनु पर्ने ।

- तालिम लिएका कर्मचारीहरूको कार्यसम्पादन स्तर मूल्याङ्कन गरी देखिएका उपलब्धिहरू साथै सुझावहरू प्रशिक्षण केन्द्रलाई उपलब्ध गराउनु पर्ने ।
- सहभागीलाई तालिममा पठाउँदा तालिम डाटावेसको आधारमा सम्बन्धित कार्यालयले उक्त तालिम नलिएको इच्छुक र उपयुक्त कर्मचारीलाई प्राथमिकता दिई तालिममा पठाउनु पर्ने ।
- कार्यालयका कर्मचारीहरूले वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, गण्डकी प्रदेश बाहेक अन्य संघसंस्थाबाट तालिम लिएको वा पाएको भए उक्त रे कर्ड जम्मा गरी प्रशिक्षण केन्द्रमा पठाउनु पर्ने ।

## २.१० **क्षमता अभिबृद्धि** :

- प्रभावकारी तालिम संचालनका लागि प्रशिक्षण केन्द्रका कर्मचारीहरू वन, वातावरण र वन्यजन्तुसँग सम्वन्धित विषयमा आफै अध्यावधिक भएर बस्नु पर्ने वर्तमान परिवेशमा वन अनुसन्धान तथा प्रशिक्षण के न्द्रलाई अझ सशक्त, सक्षम र सवल बनाउंनका लागि संघिय वन तथा वातावरण मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका साथै अन्य वन क्षेत्र संग सम्बन्धित निकायबाट भए गरेका अध्ययन अनुसन्धानका कार्यहरू, प्रकाशित लेख, रचना, पुस्तक, पत्र-पत्रिका, ऐ न, नियमावली, नीति, रणनीति, मार्गदर्शन, निर्देशिका, कार्यविधिहरू लगायतका सामाग्रीहरू यस प्रशिक्षण केन्द्रमा नियमित रूपमा प्राप्त हुने व्यवस्था मिलाउनु पर्ने ।
- समय सापेक्ष लेखा तथा प्रशासनिक कर्मचारीहरूलाई समेत क्षमता अभिवृद्धिको तालिम कार्यक्रमहरू संचालन गर्नुपर्ने ।

## २.११ **भौतिक पूर्वाधार** :

- सहभागीहरूलाई बारम्बार फिल्डमा लैजानु पर्ने भएकाले प्रदेश मन्त्रालयसँग समन्वय तथा अनूरोध गरी २५ देखि ३० जनासम्म क्षमता भएको मिनी बसको व्यवस्था गराउनु पर्ने ।
- कार्यालयमा हाल रहेको एक मात्र सवारी साधन (जिप) अत्यन्त जिर्ण अवस्थामा रहेको हुंदा नयाँ जिपको व्यवस्था गर्नुपर्ने ।

## ३ आ.व. २०७६।०७७ मा गरिएका अध्ययन, अनुसन्धान तथा सर्वेक्षण :

**१. कार्यक्रमको नाम**: प्रदेशस्तरीय बायोडाइभर्सिटी हटस्पट म्यापिङ्ग

**२. उद्देश्य**: गण्डकी प्रदेशमा पाइने जैविक विविधताले महत्वपुर्ण तथा लोपोन्मुख वन्यजन्तु, जडिबुटि आदिको वारेमा विस्तृत अध्ययन, अनूसन्धान र नक्साङ्कन गर्ने ।

**३. अध्ययन विधि**: सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावाली २०६४ ले निर्दिष्ठ गरेका विधि र प्रक्रियाहरू अवलम्वन गरी परामर्श सेवाबाट कार्यक्रम संचालन गरिएको हो । सूचीकृत परामर्श दाताबाट प्राप्त प्राविधिक तथा आर्थिक प्रस्तावहरूको मूल्याङ्कनबाट **स्मार्ट प्रा.लि., अनामनगर-२१, काठमाडौं**लाई छनौट गरी सम्झौता गरिएको थियो ।

**४. विनियोजित रकम**: रू बीस लाख (रू २०,००,०००/-)

**५. खर्च भएको रकम**: रू १९,९३,८३० /-

**६. मुख्य नतिजा/उपलब्धि**:

- गण्डकी प्रदेशको मध्य तथा उच्च हिमाली क्षेत्र जैविक विविधता हटस्पटको लागि महत्वपूर्ण पाइएको छ ।
- अधिकांश जैविक विविधता हटस्पटहरू संरक्षित क्षेत्रहरूमा रहेका छन् ।
- यस प्रदेशको पुर्वी गोरखा देखि पश्चिम बाग्लुङ सम्मका ८ जिल्लाहरूको (तनहुँ, नवलपुर, स्याङ्जा बाहेक) कुल १९८ वर्ग कि.मि.मा वायोडाईभर्सिटि हटस्पट फैलिएको छ ।
- गण्डकी प्रदेशमा कालो भालु, चितुवा, कस्तुरी मृग र जडीबुटी प्रजातीको बासस्थान क्रमश ५५२८ वर्ग कि.मि, ३९६१ वर्ग कि.मि, ११७९ वर्ग कि.मि, २१६४ वर्ग कि.मि र ३७३१ वर्ग कि.मि मा फैलिएको छ ।
- कालो भालुका लागि उचित वासस्थान बाग्लुङ, म्याग्दी, पर्वत, कास्की, लम्जुङ र गोरखा जिल्लाका मध्य-हिमाली क्षेत्रहरू रहेका छन ।
- पर्वत, स्याङ्जा र तनहुँ जिल्लाको सम्पूर्ण भाग र बाग्लुङ, म्याग्दी, कास्की, लम्जुङ र गोरखाको दक्षिणी भेग चितुवाको लागि उचित वासस्थान देखिएको छ ।
- ढोरपाटन शिकार आरक्ष, अन्नपूर्ण संरक्षण क्षेत्र र मनास्लु संरक्षण क्षेत्र कस्तुरी मृग, हिउ चितुवा र जडिबुटि प्रजातीहरूको लागि उचित स्थान देखिएको छ ।
- पहिचान गरिएका जैविक विविधता हटस्पट क्षेत्रहरूमा फ्ल्यागशिप (Flagship) प्रजाती र महत्वपूर्ण वनस्पतिहरूका लागि संवेदनशील क्षेत्र भएकाले, यिनीहरूको उचित संरक्षण गर्नुपर्ने देखिन्छ ।

# ४. सम्पादित विभिन्न तालिमहरुको विवरण

## ४.१ आ.व. २०७६।०७७ को संचालित तालिमको प्रगति विश्लेषण :

आ.व. २०७६|०७७ मा यस केन्द्रमा पाँच (५) वटा तालिमका लागि रू. ४५ लाख विनियोजन भएकोमा तीन (३) वटा मात्र तालिम संपन्नभएको थियो । तालिममा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, प्रदेश वन निर्देशनालय पोखरा, बृहत जलाधार व्यवस्थापन कार्यालय पोखरा, वन बिउ प्रयो गशाला तथा भण्डारण केन्द्र पोखरा, भू तथा जलाधार व्यवस्थापन कार्यालय पर्वत र ९ वटा डिभिजन वन कार्यालयहरू गरि जम्मा १४ वटा कार्यालयमा कार्यारत ५९ जना कर्मचारिहरू प्रत्यक्ष रूपमा लावान्भित भएका थिए । जस मध्ये अधिकृतस्तर सातौं र आठौं(प्राविधिक) ३८ जना, अधिकृतस्तर छैठौँ ७ जना, रेन्जर १३ जना र अधिकृतस्तर सातौं (प्रशासन) १ जना रहेका थिए ।

अधिकृतस्तर सातौं र आठौंको सहभागिता सबै भन्दा बढी डिभिजन वन कार्यालय कास्कीबाट (७ जना) भएको थियो भने सबै भन्दा कमडिभिजन वन कार्यालय लमजुङ, भू तथा जलाधार व्यवस्थापन कार्यालय तनहुं र बृहत जलाधार व्यवस्थापन कार्यालय, पोखराबाट (१ जना) भएको थियो । अधिकृतस्तर छैठौँहरूको सहभागिता सबै भन्दा बढी मुस्ताङबाट (३ जना) भएको थियो भने सबै भन्दा कम डिभिजन वन कार्यालय तनहुं र लमजुङबाट (१जना) भएको थियो । त्यसै गरि रेन्जर तथा सब ईन्जिनियहरूको सहभागिता सबै भन्दा बढी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय पोखराबाट (५ जना) भएको थियो भने सबै भन्दा कम वन बिउ प्रयोगशाला तथा भण्डारण केन्द्र, पोखराबाट (१ जना) भएको थियो । यस केन्द्रले आ.व. २०७६|०७७ मा संचालित सम्पुर्ण तालिममा भू तथा जलाधार व्यवस्थापन कार्यालय पर्वत, डिभिजन वन कार्यालयहरू मनाङ र नवलपुरको उपस्थिति शुन्य रहेको थियो ।

यस आ.व.मा सम्पन्न तालिमहरूमा, सहभागिहरूको उपस्थितिलाई लैङ्गिक आधारमा विष्लेषण गर्दा, पुरूष ३३ जना र महिला २६ जना उपस्थित भएका थिए । जसबाट केन्द्रले लैङ्गिक समानतालाई पनि संगसंगै अगाडी बढाई दिगो विकासको लक्ष्य हांसिल गर्न समेत मद्धत पुर्‍याएको छ ।

जिल्ला स्थीत कार्यालयहरूमा कामको व्यस्तता र COVID 19 को कारण बार्षिक लक्ष्य अनुसारको प्रगति हासिल भएको छैन । आ.व.२०७६/०७७ को वार्षिक वित्तिय प्रगति ८३.७३ प्रतिशत र वार्षिक भौतिक प्रगति ८० प्रतिशत रहेको थियो ।

## ४.२ कार्यालय र दर्जाका आधारमा सहभागी विवरण तथा विश्लेषण :

| सिं.नं | कार्यालयको नाम | स.व.अ./ स. अ.अ./ज.व्य.अ. | अधिकृत (वन) | रेन्जर/ सब ई. | प्रशासन | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | डि.व.का, म्याग्दी | ३ | ० | ० | ० | ३ |
| २ | डि.व.का, स्याङ्जा | ५ | ० | ० | ० | ५ |
| ३ | डि.व.का, बागलुङ | ४ | ० | ० | ० | ४ |
| ४ | डि.व.का, पर्वत | ७ | ० | ० | ० | ७ |
| ५ | डि.व.का, मनाङ | ० | ० | ० | ० | ० |
| ६ | डि.व.का, मुस्ताङ | ० | ३ | १ | ० | ४ |
| ७ | डि.व.का, कास्की | ४ | २ | २ | ० | ८ |
| ८ | डि.व.का, तनहुं | २ | १ | ० | ० | ३ |
| ९ | डि.व.का, गोरखा | २ | ० | ० | ० | २ |
| १० | डि.व.का, लम्जुङ | १ | १ | ० | ० | २ |
| ११ | डि.व.का, नवलपुर | ० | ० | ० | ० | ० |
| १२ | बृ. ज. व्य.के., पोखरा | १ | ० | २ | ० | ३ |
| १३ | भू.ज.व्य.का., तनहुं | १ | ० | ० | ० | १ |
| १४ | भू.ज.व्य.का., पर्वत | ० | ० | ० | ० | ० |
| १५ | व.बि.प्र.भ.के., पोखरा | ० | ० | १ | ० | १ |
| १६ | वन निर्देशनालय, पोखरा | ५ | ० | २ | ० | ७ |
| १७ | उ.प.व.वा. मन्त्रालय | ३ | ० | ५ | १ | ९ |
|  | **जम्मा** | **३८** | **७** | **१३** | **१** | **५९** |

नोटः

डि.व.का = डिभिजन वन कार्यालय

बृ.ज.व्य.के. = बृहत जलाधार व्यवास्थापन केन्द्र, पोखरा

भू.ज.व्य.का = भू तथा जलाधार व्यवस्थापन कार्यालय

व.बि.प्र.भ.के.= वन बिउ प्रयोगशाला तथा भण्डारण केन्द्र, पोखरा

उ.प.व.वा. मन्त्रालय =उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा

(चित्रात्मक विवरण अनुसूची ६ मा राखिएको छ )।

## अनुसुचिहरु

**अनूसूचि १** : आ.व. ०७६।०७७मा संचालित तालिमर सहभागिहरूको विवरण

**कार्यक्रमको नाम** : वैज्ञानिक वन व्यवस्थापन तालिम

**कार्यक्रम संयोजक** : चुङ्ला शेर्पा

**स्थान** : पोखरा प्राविधिक शिक्षालय, फुलबारी, पोखरा

**मिति** : २०७६।०५।०६ देखि १५ सम्म

**सहभागि संख्या** : १९ जना

**महिला/पुरुष** : ७/१२

| सि.नं | नाम, थर | पद | कार्यालयको नाम | सं.नं. |
|---|---|---|---|---|
| १ | मन कुमार छन्त्याल | स.व.अ. | डिभिजन वन कार्यालय, म्याग्दी | २१७५४२ |
| २ | राजेश पौडेल | स.व.अ. | डिभिजन वन कार्यालय, पर्वत | २०१५२३ |
| ३ | केशव पुडाशैनी | स.व.अ. | डिभिजन वन कार्यालय, पर्वत | २१००८५ |
| ४ | सागर खनाल | स.व.अ. | डिभिजन वन कार्यालय, पर्वत | २१३३७८ |
| ५ | करूणा कार्की | स.व.अ. | डिभिजन वन कार्यालय, कास्की | २१९०५५ |
| ६ | लिला कुमारी थापा | अधिकृत | डिभिजन वन कार्यालय, कास्की | १८९४६५ |
| ७ | साधना रानाभाट | रेञ्जर | डिभिजन वन कार्यालय, कास्की | . |
| ८ | सन्दिप पौडेल | स.व.अ. | डिभिजन वन कार्यालय, बागलुङ | २१७५५३ |
| ९ | राज कुमार श्रेष्ठ | स.व.अ. | डिभिजन वन कार्यालय, लमजुङ | १८२६४६ |
| १० | विकास शर्मा | अधिकृत | डिभिजन वन कार्यालय, मुस्ताङ | २०४१२४ |
| ११ | हरि कुमार श्रेष्ठ | अधिकृतं | डिभिजन वन कार्यालय, मुस्ताङ | १८६५१९ |
| १२ | प्रभा सुवेदी | रेञ्जर | वन निर्देशनालय, पोखरा | २२६४०२ |
| १३ | दिपेन्द्र क्षेत्री | रेञ्जर | वन निर्देशनालय, पोखरा | २१९७७९ |
| १४ | चन्द्रमा खड्का | रेञ्जर | उ.प.व.वा. मन्त्रालय, गण्डकी प्रदेश | २२६८८२ |
| १५ | कृपा पोखरेल | रेञ्जर | उ.प.व.वा. मन्त्रालय, गण्डकी प्रदेश | २२६३२८ |
| १६ | सिर्जना के.सी. | रेञ्जर | उ.प.व.वा. मन्त्रालय, गण्डकी प्रदेश | २२११२६ |
| १७ | सूर्य बहादुर देवकोटा | स.व.अ. | डिभिजन वन कार्यालय, स्याङजा | १७२०१५ |
| १८ | सन्तोष पोख्रेल | स.व.अ. | डिभिजन वन कार्यालय, स्याङजा | १९१८१७ |
| १९ | बाल कुमार नेपाली | स.व.अ. | डिभिजन वन कार्यालय, गोरखा | २१७५४६ |

**कार्यक्रमको नाम** : जिआईएस. तालिम
**कार्यक्रम संयोजक** : अंशु ढकाल
**स्थान** : स्वास्थ्य तालिम केन्द्र रामघाट, पोखरा
**मिति** : २०७६/०८/१६ देखि ०७६/०८/२५ गते सम्म
**सहभागि संख्या** : २१ जना
**महिला/पुरुष** : १३/८

| सि.नं | नाम, थर | पद | कार्यालयको नाम | कै. |
|---|---|---|---|---|
| १ | सन्तोष खनाल | स.व.अ. | डिभिजन वन कार्यालय, म्याग्दी | |
| २ | बिमला लम्साल | स.व.अ. | डिभिजन वन कार्यालय, पर्वत | |
| ३ | केशव पुडाशैनी | स.व.अ. | डिभिजन वन कार्यालय, पर्वत | |
| ४ | अनिता दण्डेख्या | स.व.अ. | डिभिजन वन कार्यालय, पर्वत | |
| ५ | करूणा कार्की | स.व.अ. | डिभिजन वन कार्यालय, कास्की | |
| ६ | लिला कुमारी थापा | अधिकृत | डिभिजन वन कार्यालय, कास्की | |
| ७ | साधना रानाभाट | रेन्जर | डिभिजन वन कार्यालय, कास्की | |
| ८ | लक्ष्मी के.सी. | स.व.अ. | डिभिजन वन कार्यालय, बागलुङ | |
| ९ | प्रगती शर्मा | अधिकृत | डिभिजन वन कार्यालय, लमजुङ | |
| १० | विष्णु पुन | रेन्जर | डिभिजन वन कार्यालय, मुस्ताङ | |
| ११ | तिलक बहादुर थापा | स.व.अ. | वन निर्देशनालय, पोखरा | |
| १२ | ध्रुव बहादुर मल्ल | स.व.अ. | वन निर्देशनालय, पोखरा | |
| १३ | हरिवंश न्यौपाने | स.व.अ. | वन निर्देशनालय, पोखरा | |
| १४ | चन्द्रमा खड्का | रेन्जर | उ.प.व.वा. मन्त्रालय, गण्डकी प्रदेश | |
| १५ | कृपा पोखरेल | रेन्जर | उ.प.व.वा. मन्त्रालय, गण्डकी प्रदेश | |
| १६ | मञ्जु के.सी | स.अ.अ. | उ.प.व.वा. मन्त्रालय, गण्डकी प्रदेश | |
| १७ | सागर खतिवडा | स.व.अ. | डिभिजन वन कार्यालय, स्याङजा | |
| १८ | सफलता श्रेष्ठ | स.व.अ. | डिभिजन वन कार्यालय, कास्की | |
| १९ | नारायण श्रेष्ठ | अधिकृत | डिभिजन वन कार्यालय, तनहुं | |
| २० | मिलन भट्टराई | सवइन्जिनियर | वृहत जलाधार व्यवस्थापन केन्द्र,कास्की | |
| २१ | चूडामणि बराल | स.व.अ. | डिभिजन वन कार्यालय, तनहुं | |

**कार्यक्रमको नाम** : गूगल अर्थ ईन्जिन् तालिम
**कार्यक्रम संयोजक** : चुङला शेर्पा
**स्थान** : नगर विकास प्रशिक्षण केन्द्र, नदिपुर, पोखरा
**मिति** : २०७६।१०।२० देखि २९ सम्म
**सहभागि संख्या** : १९ जना
**महिला/पुरुष** : ६/१३

| सि.नं | नाम, थर | पद | कार्यालयको नाम | सं.नं. |
|---|---|---|---|---|
| १ | मन कुमार छन्त्याल | स.व.अ. | डिभिजन वन कार्यालय, बागलुङ | २१७५४२ |
| २ | नविन विश्वकर्मा | स.व.अ. | डिभिजन वन कार्यालय, म्याग्दी | १८२५३८ |
| ३ | अरूणा पौडेल | स.व.अ. | डिभिजन वन कार्यालय, पर्वत | २१९८३५ |
| ४ | हरि कुमार श्रेष्ठ | अधिकत | डिभिजन वन कार्यालय, मुस्ताङ | १८६५१९ |
| ५ | निर्मला फुलारा ठाकुर | स.व.अ. | डिभिजन वन कार्यालय, स्याङ्जा | १९०९५७ |
| ६ | प्रतिक्षा पनेरू | स.व.अ. | डिभिजन वन कार्यालय, कास्की | २१४४७६ |
| ७ | वर्षा अर्याल | स.व.अ. | डिभिजन वन कार्यालय, बागलुङ | २२००३६ |
| ८ | हरिवंश न्यौपाने | स.व.अ. | वन निर्देशनालय, पोखरा | १३०३५० |
| ९ | तिलक बहादुर थापा | स.व.अ. | वन निर्देशनालय, पोखरा | १५४५७६ |
| १० | सरोज पन्थी | स.व.अ. | उ.प.व.वा. मन्त्रालय, गण्डकी प्रदेश | १९३५५९ |
| ११ | शिव परियार | स.व.अ. | उ.प.व.वा. मन्त्रालय, गण्डकी प्रदेश | १९५९९८ |
| १२ | बाबुराम न्यौपाने | शा.अ. | उ.प.व.वा. मन्त्रालय, गण्डकी प्रदेश | १८३२७८ |
| १३ | सागर खतिवडा | स.व.अ. | डिभिजन वन कार्यालय, स्याङ्जा | २०२३७६ |
| १४ | राजेश पोख्रेल | रेञ्जर | वन विउ प्रयोगशाला तथा भण्डारण केन्द्र, पोखरा | १९०५२४ |
| १५ | लक्ष्मी के.सी. | स.व.अ. | डिभिजन वन कार्यालय, गोरखा | २०३१२० |
| १६ | अरूण पराजुली | स.व.अ. | डिभिजन वन कार्यालय, तनहुं | १९७३२८ |
| १७ | प्रलेस बस्नेत | ज.व्य.अ. | वृहत जलाधार व्यवस्थापन केन्द्र,पोखरा | १९२०४६ |
| १८ | मिलन भट्टराई | सव ईन्जिनियर | वृहत जलाधार व्यवस्थापन, केन्द्र | २००३३५ |
| १९ | श्यामसुन्दर अधिकारी | ज.व्य.अ. | भू तथा जलाधार व्यवस्थापन का. तनहुं | २१७४७२ |

## अनुसूची २ : प्रशिक्षकहरुको विवरण

| सि.नं | प्रशिक्षकको नाम | पद | कार्यालयको नाम | कै. |
|---|---|---|---|---|
| **वैज्ञानिक वन व्यवस्थापन तालिम** | | | | |
| १. | श्री राजेश मल्ल | निर्देशक | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, पोखरा | |
| २. | श्री केदार बराल | डि.व.अ. | डिभिजन वन कार्यालय, तनहुं | |
| ३. | श्री कोमलराज काफ्ले | डि.व.अ. | डिभिजन वन कार्यालय, स्याङ्जा | |
| ४. | श्री घनेन्द्रबहादुर खनाल | स.ता.अ. | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, पोखरा | |
| ५. | श्री सरोज पन्थी | स.व.अ. | उ.प.व.वा. मन्त्रालय, गण्डकी प्रदेश | |
| ६. | श्री धनिश्वर न्यौपाने | स.व.अ. | डिभिजन वन कार्यालय, रूपन्देहि | |
| ७. | श्री खिल बहादुर तामाङ | स.व.अ. | डिभिजन वन कार्यालय, कपिलवस्तु | |
| ८. | श्री अर्जुन प्रसाद सापकोटा | अधिकृत | डिभिजन वन कार्यालय, नवलपुर | |
| **जि. आई. एस. तालिम** | | | | |
| १. | श्री राजेश मल्ल | निर्देशक | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, पोखरा | |
| २. | श्री घनेन्द्रबहादुर खनाल | स.ता.अ. | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, पोखरा | |
| ३. | श्री सरोज पन्थि | स.व.अ. | उ.प.व.वा. मन्त्रालय, गण्डकी प्रदेश | |
| ४. | श्री शिव परियार | स.व.अ. | उ.प.व.वा. मन्त्रालय, गण्डकी प्रदेश | |
| **गुगल अर्थ ईन्जिन् तालिम** | | | | |
| १. | श्री राजेश मल्ल | निर्देशक | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, पोखरा | |
| २. | श्री घनेन्द्रबहादुर खनाल | स.ता.अ. | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, पोखरा | |
| ३. | श्री मिलन ढुङ्गाना | स.अ.अ. | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति | |
| ४. | श्री राजाराम अर्याल | स.अ.अ. | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, काठमाण्डौं | |

## अनुसूची ३ : वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा मौजुदा दरबन्दि अनुसार पदपूर्ति तथा रिक्त कर्मचारी विवरण

| सि.नं | पद | दरवन्दी संख्या | पूर्ति संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | निर्देशक (रा.प.द्धि.प्रा., फ.रि.) | १ | १ | |
| २ | सहायक तालिम अधिकृत (रा.प.तृ.प्रा., ज.फ.) | १ | १ | |
| ३ | सहायक अनूसन्धान अधिकृत (रा.प.तृ.प्रा.,फ.रि.) | १ | १ | |
| ४ | रेञ्जर (रा.प.अनं.प्र.प्रा.) | २ | २ | |
| ४ | लेखापाल (रा.प.अनं.प्र.) | १ | १ | |
| ४ | नायव सूब्बा ((रा.प.अनं.प्र.) | १ | – | रिक्त |
| ५ | फ. गा. (श्रेणी विहीन ) | १ | – | रिक्त |
| ६ | हलुका सवारी चालक (श्रेणी विहीन ) | १ | १ | करारमा |
| ७ | कार्यालय सहयोगी. (श्रेणी विहीन ) | १ | १ | |
| | जम्मा | १० | ८ | |

**अनुसूची ४: वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा हाल कार्यरत कर्मचारीहरुको विवरण**

| सि. नं. | कर्मचारीको नाम | पद | तह | संकेत नं. | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री राजेश मल्ल | निर्देशक | दशौं | १८६७८४ | |
| २. | श्री राजेश पौडेल | स.ता.अ. | सातौं | २०१५२३ | |
| ३. | श्री मन्जु के.सी.. | स.अ.अ. | सातौं | २३३१७० | |
| ४. | श्री अंशू ढकाल | अधिकृत (वन) | छैठौं | २०३०५६ | |
| ५. | श्री गीता कुमारी शर्मा | लेखापाल | पाँचौं | १९५७०९ | |
| ६. | श्री चूङला शेर्पा | रेन्जर | पाँचौं | २३१९२४ | |
| ७. | श्री सोङलाल थकाली | का.स. | पाँचौं | १५०९१० | |
| ८. | श्री उत्तम कूँवर | हलुका चालक | | | करारमा |

# अनुसूची ५ :आ.व. ०७६/०७७ को वार्षिक प्रगति विवरण

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
गण्डकी प्रदेश
पोखरा, नेपाल

१. आ.व.: ०७६।०७७
२. मन्त्रालयः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (७०४३४९०१)
३. कार्यक्रम शिर्षकः प्रदेश सरकारको कार्यक्रम खर्च (७०४३४३५१)
४. कार्यालयको नामः वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
५. स्थानः गण्डकी प्रदेश, पोखरा
६. कार्यक्रम । आयोजनाको नामः उद्योग, पर्यटन, वन तथा वातावरण
७. कार्यालय प्रमुखको नामः राजेश मल्ल

८. ब.उ.शि.नं. : ३०७०३०११
९. यस बर्षको बजेटः १४९५०
१०. श्रोतः प्रदेश सरकार
११. आयोजना सुरु हुने मितिः २०७६।०४।०१
११. आयोजना समाप्त हुने मितिः २०७७।०३।३१

रकम रु. हजारमा

| क्र.सं. | कियाकलाप | खर्च शीर्षक | इकाई | वार्षिक कार्य लक्ष्य | | | वार्षिक कार्य प्रगति | | | वार्षिक भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | प्रतिशत | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | १३ | १७ |
| | चालु खर्च अनर्तगतका कार्यक्रमहरु | | | | | | | | | | |
| १ | गुगल अर्थ ईन्जिन तालिम | २२५२२ | गोटा | १ | ०.०६७ | १०००.० | १ | ०.०५४ | ६७८.८५३ | १००.०० | |
| २ | प्रदेश स्तरिय वायोडाईभर्सिटि हटस्पट म्यापिङ्ग | २२५२२ | गोटा | १ | ०.१३४ | २०००.०० | १ | ०.१५९ | १९९३.८३० | १००.०० | |
| ३ | जि आई एस तालिम | २२५२२ | गोटा | १ | ०.०६७ | १०००.० | १ | ०.०५६ | ६९९.१२३ | १००.०० | |
| ४ | घरेलु उद्यमशिलता विकास प्रशिक्षक प्रशिक्षण तालिम | २२५२२ | गोटा | १ | ०.०६७ | १०००.० | १ | ०.००० | ०.००० | ०.०० | |
| ५ | वैज्ञानिक वन व्यवस्थापन तालिम | २२५२२ | गोटा | १ | ०.०६७ | १०००.० | १ | ०.०५९ | ७४२.१८९ | १००.०० | |
| ६ | सेवाकालिन तालिम | २२५२२ | गोटा | १ | ०.०३३ | ५००.०० | १ | ०.००० | ०.००० | ०.०० | |
| ७ | वार्षिक प्रगति प्रतिवेदन | २२५२२ | गोटा | १ | ०.००३ | ५०.०० | १ | ०.००४ | ५०.००० | १००.०० | |
| | | | | | | | | | | | |
| | पुँजिगत खर्च अनर्तगतका कार्यक्रमहरु | | | | | | | | | | |
| १ | भवन निमाण | ३११११२ | गोटा | १ | ०.५३५ | ८०००.०० | १ | ०.६३६ | ७९६०.९६५ | १००.०० | |
| २ | मोटरसाईकल खरिद | ३११२१ | गोटा | २ | ०.०२७ | ४००.०० | २ | ०.०३१ | ३९३.००० | १००.०० | |
| | जम्मा | | | १० | १.०० | १४९५०.० | ८.०० | १.००० | १२५१७.९६ | | |


वार्षिक वितिय प्रगति = ८३.७३ %
वार्षिक भौतिक प्रगति= ८० %


तयार गर्ने
अंशु ढकाल
अधिकृत


चेक गर्ने
राजेश पौडेल
सहायक वन अधिकृत


स्विकृत गर्ने
राजेश मल्ल
निर्देशक


**अनुसूची ६ : तालिममा सहभागिहरुको चित्रात्मक विवरण:**




आ.व २०७६।०७७ मा विभिन्न कार्यालयबाट
तालिममा संलग्न अधिकृत (वन)
0
0
0
0
0
3
2
1
0
1
0
0
0
0
0
0
डिवका, म्याग्दी
डिवका, स्याङ्जा
डिवका, बागलुङ
डिवका, पर्वत
डिवका,, मनाङ
डिवका, मुस्ताङ
डिवका, कास्की
डिवका, तनहुँ
डिवका, गोरखा
डिवका, लम्जुङ
डिवका, नवलपुर
वृ. उ.
भूजव्यका,तनहुँ
वविप्रमके., पोखरा
वन
उ.पवका. मन्त्रालय


आ.व २०७६।०७७ मा विभिन्न कार्यालयबाट
तालिममा संलग्न रेन्जर/सव ईन्जिनियर
0
0
0
0
0
1
2
0
0
0
0
2
0
1
2
5
डि.व.का, म्याग्दी
डि.व.का, स्याङ्जा
डि.व.का, बागलुङ
डि.व.का, पर्वत
डि.व.का, मनाङ
डि.व.का, मुस्ताङ
डि.व.का, कास्की
डि.व.का, तनहुँ
डि.व.का, गोरखा
डि.व.का, लम्जुङ
डि.व.का, नवलपुर
वृ. ज. व्य.
भू.ज.व्य.का.,तनहुँ
व.वि.प्र.के., पोखरा
वन
उ.प.व.का. मन्त्रालय

## अनुसूची ७ : आ.व. ०७६।०७७मा संचालित तालिमका केही झलकहरु



गुगल अर्थ ईन्जिन तालिममा सहभागीहरू ।



निर्देशक ज्यूले सहभागीहरूलाई गुगल अर्थ ईन्जिन् तालिममा सहजिकरण गर्नुहुदै ।



जि.आई.एस. तालिममा सहजिकरण गर्दै प्रशिक्षक श्री सरोज पन्थी ।



तालिममा अघिल्लो दिनको प्रतिवेदन प्रस्तुत गर्दै सहभागी ।



तालिमका सहभागीलाई प्रमाणपत्र हस्तान्त्रण गर्दै स.ता.अ. श्री घनेन्द्र बहादुर खनाल र प्रशिक्षक श्री राजाराम अर्याल ।




यस केन्द्रका निर्देशक ज्यूबाट वैज्ञानिक वन व्यवस्थापन तालिम उद्घाटन गर्नुहुदै ।